नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

## आयोजना व्यवस्थापन कार्यालय

हरिहर भवन, ललितपुर

## तटस्थ मूल्याङ्कनकर्ता विज्ञको सूचीमा नाम दर्ता गर्ने सूचना

(प्रकाशन मिति २०७८/०९/०५)

आयोजनाले उत्पादनमूलक गठबन्धनमा आधारित उप-आयोजना सञ्चालन गर्न पूरक अनुदान माग गरी प्रस्ताव पेस गर्न तेस्रो आह्वान गरेअनुसार आयोजनामा उप-आयोजना पूर्ण प्रस्तावहरु प्राप्त भएका छन । ती प्राप्त प्रस्तावहरुलाई स्वीकृत उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधिबमोजिम आयोजना व्यवस्थापन कार्यालय तथा विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयस्तरमा मूल्याङ्कन गर्न तटस्थ मूल्याङ्कनकर्ता भई सेवा प्रदान गर्न इच्छुक तपशीलको योग्यता भएका विज्ञहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन मिति २०७८/०९/११ गते भित्र आफूले विज्ञ सेवा प्रदान गर्न चाहेको विषय खुलाई बायोडाटा सहितको निवेदन यस कार्यालयमा पेस गर्नुहुन अनुरोध छ । यसअघि तयार पारिएको मूल्याङ्कनकर्ता विज्ञको सूची कायमै रहेकोले उक्त सूचीमा नाम समावेश भएका विज्ञहरुले पुनः निवेदन दिनु आवश्यक नभएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**तपशील**

| क.सं. | विवरण | शैक्षिक योग्यता | सम्बन्धित सेवा वा विषयगत क्षेत्रमा काम गरेको अनुभव |
|---|---|---|---|
| १ | दुग्ध व्यवसाय विज्ञ | पशु विज्ञान, पशु चिकित्सा, दुग्ध विज्ञान वा खाद्य प्रविधि विषयमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा पनि स्नातक वा सो सरहको योग्यता हासिल गरेको । | शैक्षिक योग्यता स्नातक वा सो सरह भए कम्तीमा ५ वर्ष, स्नातकोत्तर वा सो सरह भए कम्तीमा ३ वर्ष र विद्यावारिधि वा सो सरह भए कम्तीमा १ वर्ष । |
| २ | मासु व्यवसाय विज्ञ | पशु उत्पादन, पशु चिकित्सा, मासु विज्ञान, खाद्य प्रविधि वा जनस्वास्थ्य विषयमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा पनि स्नातक वा सो सरहको योग्यता हासिल गरेको । | |
| ३ | पशु आहारा विज्ञ | पशु विज्ञान, पशु चिकित्सा वा पशु पोषण विषयमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा पनि स्नातक वा सो सरहको योग्यता हासिल गरेको । | |

सम्पर्क: सुशील खड्का, कृषि अर्थ विज्ञ
इमेल: pmu@nlsip.gov.np

डा. उमेश दाहाल
आयोजना निर्देशक